नेपाल राष्ट्र बैंक
प्रेस समाचार

# उद्यमशीलताको विकासका लागि सहकारी उपयुक्त माध्यमः गभर्नर डा. खतिवडा

**(गभर्नर डा. खतिवडाद्वारा धादिङको कटुञ्जेमा साना किसान कृषि सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण कार्यक्रमलाई सम्बोधन)**

साना किसान विकास बैंक लिमिटेडद्वारा धादिङ जिल्लाको कटुञ्जे गा.वि.स.मा सञ्चालित पाविल साना किसान कृषि सहकारी संस्था लिमिटेड तथा सेम्जोङ्ग साना किसान कृषि सहकारी संस्था लिमिटेडको स्वामित्व एवं व्यवस्थापन प्रमुख अतिथिको रुपमा आमन्त्रित हुनु भएका गभर्नर डा. युवराज खतिवडाले स्थानीय साना किसानहरुलाई



माघ १६ गते आयोजित समारोहमा हस्तान्तरण गर्नुभयो । उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले साना किसान विकास बैंकले यस्ता सहकारी संस्थाहरुको विकास मार्फत यस क्षेत्रका साना, सीमान्तकृत कृषकहरुको रोजगारी, आय आर्जन एवम् आर्थिक सामाजिक रुपान्तरणमा सहयोगी हुनुपर्ने बताउनुभयो ।

साना किसान विकास बैंक लिमिटेडले मुलकभर साना किसान सहकारी संस्था मार्फत सदस्यहरुको क्षमता विकासको लागि कार्य सञ्चालन पुँजी उपलब्ध गराउने, प्राविधिक सेवाहरु उपलब्ध गराउने जस्ता कार्यबाट कृषिको रुपान्तरणको लागि पुऱ्याएको सहयोगको गभर्नर डा. खतिवडाले सराहना गर्नु हुँदै यस्तो कार्यमा नेपाल सरकारका साथै नेपाल राष्ट्र बैंक तथा आफ्नो व्यक्तिगत तर्फबाट सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नु भयो । साथै असल काममा आफू सधैं सहयोगी रहने भएकाले हौसला प्रदान गर्न स्वयम् उपस्थित भएको कुरा उहाँले व्यक्त गर्नुभयो ।

कृषकको घरदैलोसम्म स्वतस्फूर्त ऋण प्रवाह गरिदिने बैंक तथा वित्तीय संस्था नभएकोले वित्तीय पहुँचको चुनौती रहेको बताउँदै गभर्नर खतिवडाले सरकारले कृषकलाई कम ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने घोषणा गरे पनि बैंक तथा वित्तीय संस्थाहरुका तर्फबाट प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्थामा साना किसान विकास बैंकका साथै स्थानीय बचत तथा ऋण सहकारी संस्थाहरुले यस्तो अभाव पूरा गर्न सक्ने धरणा राख्नु भयो ।

नेपाल राष्ट्र बैंकले स्थानीय तहमा वित्तीय सेवा पुऱ्याउन तत्कालको लागि लघु वित्त संस्था मार्फत वित्तीय सेवा पुऱ्याउन अघि बढ्ने र दोस्रो चरणमा बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल क्षेत्र विस्तार गर्ने नीति लिइएको जानकारी डा. खतिवडाले जानकारी दिनुभयो । विस्थापित बैंक तथा वित्तीय संस्थाको शाखा-प्रशाखा पुर्नस्थापित गराउने र सम्भावना भएको क्षेत्रमा नयाँ बैंकका शाखा खोल्ने रणनीति नेपाल राष्ट्र बैंकले लिएको उहाँले बताउनु भयो । त्यसैले निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाको एउटा शाखा दुर्गममा खोले पछि मात्र अर्को शाखा सुगम ग्रामीण वा शहरी क्षेत्रमा खोल्न दिने र तत्पश्चात मात्र राजधानीमा

शाखा खोल्न अनुमति दिने नीतिगत व्यवस्था लिएको जानकारी दिनुहुँदै गभर्नर खतिवडाले यसले स्थानीय तहमा वित्तीय सेवा पुऱ्याउन पारेको सकारात्मक प्रभाव माथि प्रकाश पार्नु भयो ।

नेपाल सरकारका स्थानीय निकायले दिने सेवा र बैंकिङ व्यवसायले दिने सेवा बीच रहेको भिन्नता माथि गभर्नर खतिवडाले प्रकाश पार्नु हुँदै स्थानीय क्षेत्रका जनताको उद्यमशीलता विकास भएमा मात्र स्थानीय स्तरमा भएको वचतलाई त्यहीँ लगानी गर्न सकिने जानकारी दिनु भयो । स्थानीय क्षेत्रमा गरिएको वचत सोही क्षेत्रमा कर्जाको रुपमा



उपयोग भएमा बैंक तथा वित्तीय संस्थाको नाफा पनि सुरक्षित हुने धारणा राख्दै उहाँले त्यसका लागि उद्यमशीलताको विकास गर्नुपर्ने र उद्यमशीलताको विकासका लागि सहकारी एउटा उपयुक्त माध्यम बन्न सक्नेतर्फ जोड दिनुभयो । यस क्षेत्रमा वित्तीय सेवाको पहुँच अध्ययन गर्ने अभिप्रायले पनि आफूले भ्रमण गरेको सन्दर्भ उल्लेख गर्दै विगतको समय विभिन्न बहानामा विस्थापित बैंकलाई पुर्नस्थापित गर्न आफूले पहल गर्ने गभर्नर खतिवडाले जानकारी दिनु भयो । बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण जनतालाई बैंकिङ सेवा उपलब्ध गराउन राष्ट्र बैंकले अठोट गरेको विषयमा उहाँले प्रकाश पार्नु भयो । साना किसान विकास बैंकले व्यक्तिको ऋण लिन सक्ने क्षमताको विकास गर्न सके क्रमिक रुपमा साना किसान पनि ठूला व्यवसायी हुने र ठूला बैंकबाट सेवा लिन सक्ने बताउनु भयो ।

निर्वाहमुखी कृषि प्रणालीले देश विकासमा टेवा नपुग्ने भएकोले कृषिको रुपान्तरणमा जोड दिनुहुँदै उहाँले सस्तो ब्याजदर र सरल प्रक्रियाले ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरु त्यस क्षेत्रमा अग्रसर नभएसम्म साना किसान विकास बैंकले त्यस क्षेत्रमा बैंकिङ सेवा दिन सक्ने बताउनु भयो । साना किसान समूहमा आबद्ध संस्था भएकोले यसले समन्यायिक तवरमा केही समयको लागि बैंकिङ सेवा दिने र क्रमशः बजारको बिस्तार भएसंगै बैंक तथा वित्तीय संस्थाहरु खुल्दै जाने विचार गभर्नर डा. खतिवडाले राख्नु भयो ।